२) उपभोक्ता समितिको छलफलमा आयोजनाका लागि बजेट, लक्ष्य, जनसहभागिता तथा कार्य सम्पन्न गर्न लाग्ने अवधिबारे स्पष्ट जानकारी गराउनु पर्दछ ।

३) आयोजनाबाट प्रत्यक्ष लाभ पुग्ने अधिकांश उपभोक्तालाई सार्वजनिक भेलाको लागि पूर्व जानकारी गराई कार्य सम्पन्न हुने स्थानमा भेला गराउँदा सम्बन्धित उपभोक्ताहरुको सक्रियतामा गाँउपालिकाको प्रतिनिधि (कर्मचारी वा सामाजिक परिचालकहरु) सँग समन्वय गरी सम्बन्धित वडा वा गाँउपालिकाको प्रतिनिधिहरुको रोहवरमा उपभोक्ता समिति गठन गरिनेछ ।

४) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति गठन गरेको पाइएमा गठन गर्ने कर्मचारी, सामाजिक परिचालक वा संस्थालाई कारबाही गरिने छ ।

५) उपभोक्ता समिति गठन गर्दा स्थानीय स्तरमा उपलब्ध भएमा आदिवासी, जनजाति दलित तथा पिछडिएको समुदायलाई प्राथमिककता दिइ समावेशी तवरले गर्नुपर्दछ ।

६) उपभोक्ता समिति गठन गर्दा प्रत्येक पदमा एक मात्र उम्मेदवार भएमा निर्विरोध र एक भन्दा वढि उम्मेदवार भएमा सहमति वा निर्वाचन प्रकृया अनुसार छनौट हुनेछ । सामान्यतया समिति गठन गर्दा कार्य सम्पन्न हुने स्थानमा आम भेलाबाट सर्वसम्मत समिति गठन गर्ने प्रयास गर्नु पर्दछ ।

७) यदि कुनै कारणले सर्वसम्मत निर्णय हुन नसकेमा उपस्थित समुहमध्येवाट हात उठाएर वा मत विभाजन वा निर्वाचनका अन्य विधिहरुका आधारमा निर्वाचन गरी बहुमतबाट छनौट गर्नु पर्दछ ।

८) उपभोक्ता समिति गठन प्रकृयामा विवाद भई गठन हुन नसकेको अवस्थामा वा समिति गठन समुहले चासो नदेखाएमा गाँउपालिकाले कानून बमोजिम अन्य प्रकृयाद्धारा योजना सञ्चालन गर्न सक्नेछ ।

९) उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्य गरी सातदेखि एघार सदस्य रहने गरी समावेश प्रतिनिधित्व हुने गरी गठन गर्नुपर्दछ । उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनुपर्नेछ ।

१०) समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्येको एक जना अनिवार्य रुपमा महिला सदस्य हुनु पर्नेछ ।

११) उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्दछ ।

१२) एउटै समयमा एक व्यक्ति एक भन्दा बढि उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकासगोलका परिवारबाट एक जना भन्दा बढि व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

१३) सामाजिक परिचालनको माध्यमबाट गठन भएका समुह, सामुदायिक संस्था (जस्तैः सामुदायिक वन, सामुदायिकस्तरका सामुदायिक संस्थाहरु, टोल विकास संस्था, आमा समुह कृषि समुह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समुह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**५) उपभोक्ता समितिमा रहन नपाउने व्यक्तिहरु**

उपभोक्ता समितिमा देहायका व्यक्तिहरु रहन पाउने छैनन :

१) स्थानीय तहमा वहालवाला पदाधिकारी तथा सदस्यहरु,

२) वडा अध्यक्ष तथा सदस्यहरु

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष